# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

**Revolutionary Communist Party of Nepal**

**केन्द्रीय समिति**

**Central Committee**

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

मिति : ....................................

## प्रेस-विज्ञप्ति

यही श्रावण २६ र २७ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको केन्द्रीय समिति अन्तर्गत राजनीतिक परिषदको चौथो बैठक महासचिव क. सिपी गजुरेलको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरु सार्वजनिक गर्न यो प्रेस-विज्ञप्ति जारी गरिएको छ ।

१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐतिहासिक सशस्त्र जनविद्रोह, महान जनयुद्ध र राष्ट्रिय मुक्ति आन्दोलनहरुमा शहादत प्राप्त गर्ने वीर-विराङ्गनाहरुप्रति श्रद्धाञ्जली सहित बेपत्ता, घाइते तथा अपाङ्ग योद्धाहरुको सम्मानमा एक मिनेट मौनधारण गरी बैठकको प्रारम्भ गरियो ।

२) क. महासचिवद्वारा प्रस्तुत "संक्षिप्त राजनीतिक प्रतिवेदन" र "साम्राज्यवादका विरुद्ध संयुक्त मोर्चा निर्माण सम्बन्धी अवधारण" माथि व्यापक छलफल गरी पारित गरियो । संक्षिप्त राजनीतिक प्रतिवेदनमा वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्दै "आजसम्म साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताबीचको अन्तरविरोध प्रधान रहेको भएता पनि अन्तर-साम्राज्यवादी अन्तरविरोध तथा श्रम र पूँजीका बीचको अन्तरविरोध पनि सक्रिय रुपमा देखा परेका छन्" भनिएको छ । त्यसरी नै बैठकले राष्ट्रिय परिस्थितिको मुल्याङ्कन गर्दै "नेपालको राष्ट्रिय स्वाधिनतामाथिको खतरा बढेर गएको छ र जनतन्त्र तथा जनजीविका समस्याहरु गम्भीर बनेका छन्" भनी संश्लेषण गरेको छ । पार्टीले "राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा पैदा भएको आजको स्थितिमा राष्ट्रिय स्वाधीनताको प्रश्नलाई अग्रस्थानमा राखी विभिन्न देशभक्त, जनतान्त्रिक र अग्रगामी राजनीतिक पार्टी र व्यक्तित्वहरुका बीचमा राष्ट्रिय राजनीतिक सम्मेलन मार्फत् संयुक्त मोर्चा निर्माण गरी संघर्षका बलमा स्वाधीन संयुक्त सरकारको कार्यनीतिक कार्यक्रमलाई जोड दिएर अगाडि बढाउनु आवश्यक भएको निष्कर्ष निकालेको छ । बैठकले "कुन पार्टीसँग संयुक्त मोर्चा गर्ने भन्ने विषय ती पार्टीले हिजोसम्म अभ्यास गर्दै आएका कार्यदिशा र कार्यक्रमका आधारमा होइन, आज राष्ट्रिय स्वाधीनतामा आएको खतराका विरुद्ध कसको के अडान हुन्छ भन्नेबाट निर्धारण गर्नुपर्दछ" भनी संश्लेषण गरेको छ ।

३) राजनीतिक परिषदको यो बैठकले पार्टी कामको समीक्षा र विभिन्न व्युरो इन्चार्ज तथा सचिवहरुको रिपोर्टिङ्को सश्लेषण गर्दै क्रान्तिका लागि अनुकूल वस्तुगत स्थिति अनुरुप आत्मगत स्थिति निर्माण गर्ने काममा जोड दिएको छ ।

४) राष्ट्रिय स्वाधीनताको लागि संयुक्त मोर्चा निर्माण गर्न निम्न आधारहरु प्रस्तुत गर्ने निर्णय गरेको छ :

क) सम्पूर्ण असमान सन्धी सम्झौताहरु खारेजी गर्ने ।
ख) साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरोध गर्ने ।
ग) कालापानी, लिपुलेख र लिम्पियाधुरा क्षेत्र फिर्ताको माग गर्ने ।
घ) भारत र चीनबीच गरिएको लिपुलेख सम्झौता खारेजीको माग गर्ने ।
ङ) मिलेनियम च्यालेन्ज कम्प्याक्ट(एमसिसी) को खारेजीको माग गर्ने ।
च) स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी)को विरोध गर्ने ।
छ) जेनजेड "विद्रोह"लाई साम्राज्यवादद्वारा प्रायोजित भएको मान्ने ।
ज) अहिलेको सरकारको कार्यशैलीलाई फासीवादी मान्ने ।
झ) अग्रगामी संविधान निर्माण गर्ने विषयमा सहमत हुने ।

२०८३ साउन २९

सुदर्शन
प्रवक्ता